# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, कात्तिक १ गते २०४४ साल (अतिरिक्ताङ्क ३५


## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४४ सालको ऐन नं. १८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "पेटेण्ट, डिजायन र ट्रेडमार्क (पहिलो संशोधन) ऐन, २०४४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा २ मा संशोधनः पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) "ट्रेडमार्क" भन्नाले कुनै फर्म, कम्पनी वा व्यक्तिले आफ्नो उत्पादित मालसामान वा आफूले प्रदान गर्ने सेवालाई अरूको मालसामान वा सेवाबाट फरक देखाउन प्रयोग गरिने शब्द, चिह्न वा चित्र वा शब्द, चिह्न र चित्र तिनै कुराको संयोग सम्झनुपर्छ ।"

(२) खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः–

"(च) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गतको नियम वा आदेशमा तोकिएको वा तोकिए बमोजिमको सम्झनुपर्छ ।"

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को उपदफा (२) मा रहेका "फोटो ब्लक भए सो" भन्ने शब्दहरूको सट्टा "विवरण सहितको नक्शा तथा रेखाङ्कन" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को उपदफा (३) झिकिएको छ ।

५. मूल ऐनमा दफा ७क थपः मूल ऐनको दफा ७ पछि देहायको दफा ७क थपिएको छः–

"७क. दर्ता भएको पेटेण्ट प्रकाशन गर्नेः (१) यस ऐन बमोजिम दर्ता भएको पेटेण्टमध्ये राष्ट्रिय हितको लागि गोप्य राख्नु पर्ने बाहेक अन्य पेटेण्टहरू



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६१४

विभागले सर्वसाधारणको जानकारीको लागि नेपाल राजपत्रमा प्रकाशित गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित पेटेण्टको विवरण, नक्शा वा रेखाङ्कन कसैले हेर्न वा त्यसको नक्कल लिन चाहेमा विभागबाट तोकिएको दस्तूर बुझाई त्यस्तो पेटेण्ट हेर्न वा त्यसको नक्कल लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पेटेण्ट हेरेको वा त्यसको नक्कल लिएको मितिले पैंतीस दिनभित्र त्यस्तो पेटेण्ट उपर कसैको कुनै विरोध भएमा विभागमा उजूर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम उजूर पर्न आएमा विभागले जाँच-बुझ गरी आवश्यक कारवाही गर्नुपर्नेछ ।"

६. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः–

"८. पेटेण्टको अवधिः (१) दफा २३ख. बमोजिम नवीकरण गराएको अवस्थामा बाहेक दफा ७ बमोजिम दर्ता भएको पेटेण्टमा दर्ता भएको मितिले सात वर्षसम्म मात्र पेटेण्टवालाको हक कायम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनुभन्दा अघि दर्ता भएका पेटेण्टको अवधिको हकमा सो पेटेण्ट दर्ता हुँदाका बखत कायम रहेको व्यवस्था बमोजिम नै अवधि कायम हुनेछ। सो अवधि भुक्तान भए पछि दफा २३ख. बमोजिम नवीकरण गराउनु पर्नेछ ।"

७. मूल ऐनको दफा ९ मा संशोधनः मूल ऐनको दफा ९ को उपदफा (३) मा रहेको "पच्चीस रूपैयाँ" भन्ने शब्दहरूको सट्टा"तोकिए बमोजिमको रूपैयाँ"भन्ने शब्दहरू राखिएका छन् ।

८. मूल ऐनको दफा १० मा संशोधनः मूल ऐनको दफा १० मा "सरकारी म्यूजियम" भन्ने शब्दहरू रहेका ठाउँहरूमा त्यसको सट्टा "राष्ट्रिय अभिलेखालय"भन्ने शब्दहरू राखिएका छन् ।

९. मूल ऐनको दफा ११ मा संशोधनः मूल ऐनको दफा ११ मा रहेको"पाँचसय रूपैयाँ-सम्म जरिवाना हुन सक्नेछ र सो कसूरसंग सम्बन्धित चिजवस्तु सबै जफत हुनेछ"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्ने वाक्यांशको सट्टा "दुई हजार रूपैयाँसम्म जरिवाना हुन सक्नेछ र सो कसूरसंग सम्बन्धित सबै चिजवस्तु जफत हुनेछ।" भन्ने वाक्यांश राखिएको छ।

१०. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ को उपदफा (१) मा रहेको "डिजायनको" भन्ने शब्दपछि "विवरण सहितको नक्शा तथा रेखाङ्कन र" भन्ने शब्दहरू थपिएका छन्।

११. मूल ऐनमा दफा १४क. थपः मूल ऐनको दफा १४ पछि देहायको दफा १४क. थपिएको छः–

"१४क. डिजायनको अवधिः दफा २३ख. बमोजिम नवीकरण गराएको अवस्थामा बाहेक दफा १४ बमोजिम दर्ता भएको डिजायनमा दर्ता भएको मितिले पाँच वर्षसम्म डिजायनवालाको हक कायम हुनेछ।"

१२. मूल ऐनको दफा १५ मा संशोधनः मूल ऐनको दफा १५ मा रहेको "दुईसय रूपैयाँसम्म जरिवाना हुन सक्नेछ र सो कसूरसंग सम्बन्धित सबै चिजवस्तुहरू समेत जफत हुनेछ।" भन्ने वाक्यांशको सट्टा "आठसय रूपैयाँसम्म जरिवाना हुन सक्नेछ र सो कसूरसंग सम्बन्धित सबै चिजवस्तु जफत हुनेछ।" भन्ने वाक्यांश राखिएको छ।

१३. मूल ऐनमा दफा १८ पछि दफाहरू थपः मूल ऐनको दफा १८ पछि देहायका दफा १८क., १८ख., १८ग. र १८घ. थपिएका छन्:–

"१८क. ट्रेडमार्कको प्रयोजनको लागि मालसामान र सेवाको वर्गीकरणः (१) कुनै मालसामान वा कुनै प्रकारको सेवासंग सम्बन्धित ट्रेडमार्क दर्ता गर्ने प्रयोजनको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो मालसामान वा सेवाको वर्गीकरण गर्न सक्नेछ।

(२) प्रत्येक वर्गमा परेका मालसामान वा सेवाको ट्रेडमार्क दर्ता गर्न छुट्टाछुट्टै दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम एक वर्गमा परेका मालसामान वा सेवाको लागि दर्ता भएको ट्रेडमार्क कुनै अर्को वर्गमा परेको मालसामान वा सेवाको लागि पनि दर्ता गर्न सकिनेछ।

१८ख. ट्रेडमार्क प्रयोग गर्न नपाइनेः विभागमा दर्ता नगराई कुनै ट्रेडमार्क पनि रजिष्टर्ड ट्रेडमार्कको रूपमा प्रयोग गर्न पाइनेछैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 692

१८ग. ट्रेडमार्क प्रयोग गर्ने म्यादः विभागमा दर्ता भएको ट्रेडमार्क दर्ता भएको मितिले एक वर्षसम्ममा प्रयोगमा नल्याएमा विभागले आवश्यक जाँचबुझ गरी त्यस्तो ट्रेडमार्कको दर्ता खारेज गर्न सक्नेछ ।

१८घ. ट्रेडमार्कको अवधिः दफा २३ख. बमोजिम नवीकरण गरिएको अवस्थामा बाहेक दफा १८ बमोजिम दर्ता भएको ट्रेडमार्कमा दर्ता भएको मितिले सात वर्षसम्म ट्रेडमार्कवालाको हक कायम हुनेछ ।"

१४. मूल ऐनको दफा १९ मा संशोधनः मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः–

"१९. गैर कानूनी तवरले ट्रेडमार्क प्रयोग गरेमा हुने सजायः कसैले दफा १६ को उपदफा (२) उल्लङ्घन गरेमा वा दफा १८ को उपदफा (३) बमोजिम बदर भएको ट्रेडमार्क चलाएमा वा दफा १८ख. उल्लङ्घन गरेमा विभागको आदेशले एक हजार रूपैयाँसम्म जरिवाना हुन सक्नेछ र सो कसूरसंग सम्बन्धित सबै मालसामान जफत हुनेछ ।"

१५. मूल ऐनको दफा २० मा संशोधन : मूल ऐनको दफा २० मा रहेको "वारिस" भन्ने शब्दपछि "वा कानून व्यवसायी" भन्ने शब्दहरू थपिएका छन् र सोही दफामा रहेको "वारिसद्वारा" भन्ने शब्दको सट्टा "वारिस वा कानून व्यवसायीद्वारा" भन्ने शब्दहरू राखिएका छन् ।

१६. मूल ऐनमा दफा २१ पछि दफाहरू थपः मूल ऐनको दफा २१ पछि देहायका दफा २१क,. २१ख., २१ग. र २१ घ. थपिएका छन्ः–

"२१क. दर्ता भएको डिजायन र ट्रेडमार्क प्रकाशन गर्नेः (१) दफा १४ बमोजिम दर्ता भएको डिजायन र दफा १८ बमोजिम दर्ता भएको ट्रेडमार्क, त्यसको नवीकरण तथा दर्ता बदरसम्बन्धी विवरण विभागले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित विवरण उपर कसैको विरोध भएमा त्यस्तो व्यक्तिले उक्त विवरण प्रकाशित भएको मितिले पैंतीस दिनभित्र विभागमा उजूरी दिन सक्नेछ । त्यसरी परेको उजूरी उपर विभागले जाँचबुझ गरी आवश्यक कारवाही गर्नु पर्नेछ ।

२१ख. नेपालमा दर्ता नगरी हक कायम नहुनेः विदेशमा दर्ता गरिएको पेटेण्ट, डिजायन र ट्रेडमार्क सम्बन्धित व्यक्तिले नेपालमा दर्ता नगराई त्यस्तो पेटेण्ट, डिजायन र ट्रेडमार्कमा निजको नेपालमा हक कायम हुनेछैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
696

२१ग. विदेशी पेटेण्ट, डिजायन र ट्रेडमार्कको दर्ताः विदेशमा दर्ता भएको पेटेण्ट, डिजायन र ट्रेडमार्कको प्रमाण-पत्र साथै राखी दर्ताको लागि विभागमा निवेदन दिएमा विभागले त्यस्तो पेटेण्ट, डिजायन र ट्रेडमार्क सम्बन्धमा जाँचबुझ नगरीकनै पनि दर्ता गर्न सक्नेछ ।

२१घ. डिजायन र ट्रेडमार्क प्रयोग गर्न दिन सकिनेः (१) कसैले विभागमा दर्ता गराएको डिजायन वा ट्रेडमार्क अरू कुनै व्यक्तिलाई प्रयोग गर्न दिन चाहेमा तोकिए बमोजिमको दस्तूर सहित त्यस्तो डिजायनवाला वा ट्रेडमार्कवाला र त्यस्तो डिजायन वा ट्रेडमार्क प्रयोग गर्न चाहने व्यक्ति दुवैले सो कुरा जनाई संयुक्तरूपमा विभागमा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा विभागले त्यस्तो डिजायन वा ट्रेडमार्क अर्को व्यक्तिलाई प्रयोग गर्ने स्वीकृति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विभागले डिजायन वा ट्रेडमार्क प्रयोग गर्ने स्वीकृति दिएमा डिजायन वा ट्रेडमार्क प्रयोग गर्न पाउने व्यक्तिको नाममा त्यस्तो डिजायन वा ट्रेडमार्कको धनीको नामसारी गरिदिनु पर्नेछ ।"

१७. मूल ऐनको दफा २३ मा संशोधनः मूल ऐनको दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छः–

"२३. विदेशमा दर्ता भैसकेको पेटेण्ट, डिजायन र ट्रेडमार्कको दरखास्त, दर्ता र नवीकरणः (१) दफा ४, ७, १३, १४, १७ र १८ मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा दर्ता भइसकेको कुनै पेटेण्ट, डिजायन र ट्रेडमार्क यस ऐन बमोजिम दर्ता गर्दा गराउँदा अनुसूची–३ मा लेखिएको दरखास्त र दर्ता दस्तूरको दोब्बर दस्तूर प्रचलित सटही दरले हुने परिवर्त्य विदेशी मुद्रामा लिइनेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता भएको पेटेण्ट, डिजायन र ट्रेडमार्कको नवीकरण गराउँदा अनुसूची–३ मा तोकिएको नवीकरण दस्तूरको दोब्बर दस्तूर प्रचलित सटही दरले हुने परिवर्त्य विदेशी मुद्रामा लिइनेछ ।"

१८. मूल ऐनमा दफा २३ पछि दफाहरू थपः मूल ऐनको दफा २३ पछि देहायका दफा २३क. र २३ख. थपिएका छन् :–

"२३क. नेपालमा दर्ता नगराई विदेशमा दर्ता गर्न नहुनेः (१) नेपालमा उत्पादन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेको मालवस्तुको पेटेण्ट, डिजायन र ट्रेडमार्क नेपालमा दर्ता नगरी विदेशमा दर्ता गर्न पाइनेछैन ।

(२) कसैले उपदफा (१) उल्लङ्घन गरी विदेशमा पेटेण्ट, डिजायन र ट्रेडमार्क दर्ता गरिएमा विभागको आदेशले निजलाई पाँचहजार रूपैयाँ-सम्म जरिवाना हुनेछ र सो पेटेण्ट,डिजायन वा ट्रेडमार्क अनुसार उत्पादन गरिएका सबै सामानहरू जफत हुनेछन् ।

२३ख. पेटेण्ट, डिजायन र ट्रेडमार्क नवीकरण गराउने कार्यविधिः (१) दफा ८., दफा १४क. र दफा १८घ. बमोजिम पेटेण्टवाला, डिजायनवाला र ट्रेड-मार्कवालाले पेटेण्ट, डिजायन र ट्रेडमार्क प्रयोग गर्न पाउने अवधि समाप्त भएको मितिले पैंतीस दिनभित्र क्रमशः अनुसूची– २ (घ), २ (ङ) र २ (च) बमोजिमको ढाँचामा दरखास्त दिई अनुसूची–३ बमोजिमको दस्तूर तिरी त्यसको नवीकरण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नवीकरण गराउने म्याद नाघेको मितिले छ महिनासम्म एकसय रूपैयाँ जरिवाना तिरी नवीकरण गराउन सकिनेछ । सो म्यादभित्र पनि नवीकरण नगराइएमा पेटेण्ट, डिजायन र ट्रेडमार्कको दर्ता स्वतः खारेज हुनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पेटेण्टको हकमा सात-सात वर्षको पटक कायम गरी दुई पटकसम्म, डिजायनको हकमा पाँच-पाँच वर्षको पटक कायम गरी दुई पटकसम्म र ट्रेडमार्कको हकमा सात-सात वर्षको पटक कायम गरी जति पटक पनि नवीकरण गराउन सकिनेछ ।"

१९. मूल ऐनको दफा २४ मा संशोधनः मूल ऐनको दफा २४ मा रहेको "पाँच रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "तोकिए बमोजिमको रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

२०. मूल ऐनमा दफा २६क. थपः मूल ऐनको दफा २६ पछि देहायको दफा २६क. थपिएको छः–

"२६क. दस्तूरमा हेरफेर गर्न सकिनेः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची– ३ मा तोकिएको दस्तूरमा हेरफेर गर्न सक्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. मूल ऐनको अनुसूचीहरूमा संशोधनः मूल ऐनको अनुसूची,–

(१) १(क), १(ख), १(ग), २(क), २(ख), २(ग) र ३ को सट्टा क्रमशः यसैसाथ संलग्न अनुसूची– १(क), १(ख), (१)ग, २(क), २(ख), २(ग) र ३ राखिएका छन् ।

(२) अनुसूची–२(ग) पछि यसैसाथ संलग्न अनुसूची–२ (घ), २ (ङ) र २ (च) थपिएका छन् ।

२२. खारेजीः मूल ऐनको दफा २१ खारेज गरिएको छ ।

## अनुसूची–१ (क)

### पेटेण्ट दर्ताको निमित्त दिइने दरखास्तको ढाँचा

श्री.....................

.........................

म । हामी ... .. .......... को आविष्कारक भएकोले सो वस्तु सम्बन्धी सिद्धान्त, फर्मूला र सम्पूर्ण विवरण सहितको नक्शा तथा रेखाङ्कन र दरखास्त दस्तूर संलग्न राखी पेटेण्ट दर्ताकोलागि दरखास्त दिएको छु । दिएका छौं । मेरो । हाम्रो नाममा पेटेण्ट दर्ता गरी सोको प्रमाण-पत्र दिनु हुन अनुरोध गर्दछु । गर्दछौं ।

साक्षीः– १.................. दरखास्तवालाको सही ... ...

२.... .... ..... ठेगाना :

मिति :

## अनुसूची–१(ख)

### डिजायन दर्ताको निमित्त दिइने दरखास्तको ढाँचा

श्री ... ...... ... ... ....

... ....... ... ... ... ...

मैले । हामीले यसैसाथ संलग्न नमूना बमोजिमको .. .. .. ... ... ... बनाएकोले । बनाउन लगाएकोले सो डिजायनको सम्पूर्ण विवरण सहितको नक्शा तथा रेखाङ्कन र चार प्रति नमूना र दरखास्त दस्तूर संलग्न राखी डिजायन दर्ताको लागि दरखास्त दिएको छु । दिएका छौं । मेरो । हाम्रो नाममा डिजायन दर्ता गरी सोको प्रमाण-पत्र दिनु हुन अनुरोध गर्दछु । गर्दछौं ।

साक्षीः– १... ... ... ... ... ... दरखास्तवालाको सही .. ... ...

२.. ... ... ... ... ... .... ठेगानाः

मितिः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१ (ग)

### ट्रेडमार्क दर्ताको निमित्त दिइने दरखास्तको ढाँचा

श्री ... ... ... ... ... ... ... ... ..

.. ... ... ... ... ... ... ... ...

मैले । हामीले यसैसाथ संलग्न नमूनाको ट्रेडमार्क ... ... ... ... ... मा लगाउने भएकोले । लगाई राखेकोले सोको चार प्रति र दरखास्त दस्तुर संलग्न राखी ट्रेडमार्क दर्ताको लागि दरखास्त दिएको छु । दिएका छौं । मेरो । हाम्रो नाममा ट्रेडमार्क दर्ता गरी सोको प्रमाण-पत्र दिनु हुन अनुरोध गर्दछु । गर्दछौं ।

साक्षीः– १... ... ... ... ... ... ... दरखास्तवालाको सही ... ...

२... ... ... ... ... ... ... ... ठेगाना :

मितिः

## अनुसूची–२ (क)

### पेटेण्ट दर्ताको प्रमाण-पत्रको ढाँचा

श्री ५ को सरकार

..........मन्त्रालय

..........विभाग

प्रमाण-पत्र संख्याः– मितिः–

### पेटेण्ट दर्ताको प्रमाण-पत्र

पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा ७ बमोजिम ... ... ... ... ... ... ... ले आविष्कार गरेको ... ... ... ... को पेटेण्ट दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

.............

महा-निर्देशक

| नवीकरण गरेको मिति | नवीकरणको म्याद समाप्त हुने मिति | नवीकरण गर्ने अधिकारीको सहिछाप |
|---|---|---|
| | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

629

## अनुसूची–२ (ख)

### डिजायन दर्ताको प्रमाण-पत्रको ढाँचा

श्री ५ को सरकार

...........मन्त्रालय

...........विभाग

प्रमाण-पत्र संख्याः– मितिः–

### डिजायन दर्ताको प्रमाण-पत्र

पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा १४ बमोजिम .......... ले बनाएको । बनाउन लगाएको .......... को डिजायन दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

.............

महा-निर्देशक

| नवीकरण गरेको मिति | नवीकरणको म्याद समाप्त हुने मिति | नवीकरण गर्ने अधिकारीको सहिछाप |
|---|---|---|
| | | |

## अनुसूची–२ (ग)

### ट्रेडमार्क दर्ताको प्रमाण-पत्रको ढाँचा

श्री ५ को सरकार

........मन्त्रालय

........विभाग

प्रमाण-पत्र संख्याः– मितिः–

### ट्रेडमार्क दर्ता प्रमाणपत्र

पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा १८ बमोजिम ........ले ... ... ........मा लगाइराखेको । लगाउने भएको ट्रेडमार्क दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

.............

महा-निर्देशक

| नवीकरण गरेको मिति | नवीकरणको म्याद समाप्त हुने मिति | नवीकरण गर्ने अधिकारीको सहिछाप |
|---|---|---|
| | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
622

## अनुसूची–२ (घ)

### पेटेण्ट नवीकरणको निमित्त दिइने दरखास्तको ढाँचा

श्री ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ...

मैले । हामीले मिति ... .......मा दर्ता गरेको .... को पेटेण्टको दर्ता अवधि समाप्त भएकोले नवीकरण बापत लाग्ने दस्तूर संलग्न छ। नवीकरण गरी दिनुहुन अनुरोध गर्दछु । गर्दछौं ।

दरखास्तवालाको सही...........

ठेगानाः–

मितिः–

## अनुसूची–२ (ङ)

### डिजायन नवीकरणको निमित्त दिइने दरखास्तको ढाँचा

श्री ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ...

मैले । हामीले मिति .... ........ मा दर्ता गरेको ... ... ... ... को डिजायनको दर्ता अवधि समाप्त भएकोले नवीकरण बापत लाग्ने दस्तूर संलग्न छ । नवीकरण गरी दिनुहुन अनुरोध गर्दछु । गर्दछौं ।

दरखास्तवालाको सही ............

ठेगाना :–

मितिः:–

## अनुसूची–२ (च)

### ट्रेडमार्क नवीकरणको निमित्त दिइने दरखास्तको ढाँचा

श्री ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ...

मैले । हामीले मिति.........मा दर्ता गरी.............मा लगाइराखेको ट्रेडमार्कको दर्ता अवधि समाप्त भएकोले नवीकरण बापत लाग्ने दस्तूर संलग्न छ । नवीकरण गरी दिनु हुन अनुरोध गर्दछु । गर्दछौं ।

दरखास्तवालाको सही ...........

ठेगानाः–

मितिः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।